# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/०३/११ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------

भुमिसुधार कार्यालय नेपालगंज बाँकेका नायव सुब्बा शैलेन्द्र कुमार कर्णले जिल्ला बाँके साविक ईन्द्रपुर गा.वि.स.को मोही जग्गा बाँडफाँड गर्ने प्रयोजनको लागी सेवाग्राहीसंग विभिन्न बहानामा घुस रकम माग गरीरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोहलपुरबाट खटिई गएको टोलीले निजलाई रु.२०,०००/-(बिस हजार) घुस रकम लिंदा लिँदैको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निज राष्ट्रसेवक कर्मचारी नायव सुब्बा शैलेन्द्र कुमार कर्णले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुंदा, निजलाई रु.२०,०००/-(बिस हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलब्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिविधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता